ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

नेपालमा बालबालिकाविरुद्ध हुने यातना बन्द गर ।

## प्रेस विज्ञप्ति

## "नेपालमा बालबालिकाविरुद्ध यातनाः न्यायप्रणाली उपर गम्भीर चुनौती"

नेपाली सरकारी हिरासतमा विभिन्न अभियोगमा पक्राउ गरिएका सबै बालबालिकाहरु मध्ये ४ जना मा १ को अनुपातले यातना वा अन्य दुर्व्यवहार भएको पाइन्छ । फगत सात वर्षका बालबालिकालाई समेत सानतिना खानेकुरा चोरेको आरोपमा पक्राउ गरेर प्रहरी हिरासतमा लगिएको दृष्टान्तहरु प्रशस्तै पाईन्छन । नेपाल यातनााविरुद्धको महासन्धिको पक्ष राष्ट्र भएतापनि र नेपालको अन्तरिम संविधान २०६३ले यातनालाई फौजदारी अपराधको रूपमा स्थापित गरेको भएतापनि नेपाली विधायिकाले यातनालाई फौजदारी कसूर ठहऱ्याउने कुनै पनि विधेयक हालसम्म पनि पारित गरेको छैन । त्यसैले आजका मितिसम्म पनि यातना देवानी अपराधका रूपमा मात्र स्थापित छ । यातनाको सर्न्दभमा दण्डहीनताको स्थिति कायमै रहेकाले यस्ता प्रकृतिका मानवअधिकार उल्लंघनमा विशेषगरी राज्यका सुरक्षासंयन्त्रहरु व्यापकरुपमा संलग्न रहेको पाइन्छ । प्रहरी तथा सुरक्षाकर्मीबाट बालबालिकामाथि हुने हिंसाबाट उनीहरुको संरक्षणका लागि बालबालिकासम्बन्धी ऐन २०४८ र बाल न्याय (कार्यविधि) नियमावलि २०६३ लगायतका कानुन विद्यमान भएपनि तिनलाई व्यवहारमा विरलै लागू गरिन्छ । लगभग ९९% बालबालिकालाई वयस्क थुनामा राखिएको छ जुन अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको आदेशको ठीक विपरीत छ । अपराधको प्रकृतिअनुसार बालबालिकालाई पूपर्क्षअघिको थुनामा राख्ने अवधि कहिलेकाहीँ त उनीहरुले गरेको भनिएको अपराधमा दिइन सकिने सजाय भन्दा पनि लामो हुन्छ ।

आफ्नो कार्यक्षेत्र भएकाले गत वर्ष पनि एड्भोकेसी फोरमले अनेकौं हिरासतहरूमा भ्रमण गरेको थियो । ''यस अवधिमा थुनामा रहेका जम्मा ९५७ नाबालकहरूलाई भेट गरिएकोमा २१३ (२२.३%) ले आफूहरूलाई पक्राउ गर्दा वा हिरासतमा राख्दा यातना तथा अमानवीय व्यवहार गरिएको बताएका थिए'' भनी कार्यकारी निर्देशक मन्दिरा शर्मा बताउनुहुन्छ । ''कुनै कुनै जिल्लाको तथ्यांक झनै स्तब्ध पार्ने खालको छ । उदाहरणका लागि, धनुषामा अन्तर्वार्ता लिइएकामध्ये ५४.८ %ले आफूमाथि यातना वा अन्य दुर्व्यवहार भएको भनी बताएका थिए । यद्यपि समग्रमा भन्नुपर्दा बालबालिकामाथिको यातनामा उल्लेख्य कमी देखिएतापनि तराई क्षेत्रमा भने यसको ठीक उल्टो यातनाका घटनामा वृद्धि भएको देखिन्छ । विशेष गरी धनुषा, मोरङ, उदयपुर र कपिलवस्तुमा बालबालिकाविरुद्धको यातनामा क्रमिकरुमा बढेको हामी पाउँछौं ।''

संयुक्त राष्ट्रसंघ यातनापीडितको सहायताका लागि अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा प्रकाशित गर्न लागेको प्रतिवेदनमा बालबालिकामाथि प्रहरी हिरासतमा यातनाका निम्न तरिकाहरू बारम्बार प्रयोग गरिएको भनी एड्भोकेसी फोरमको अनुभवले बताउँछ । बालबालिकालाई तिघ्रा, पिठ्चुँ, पाखुरा , कम्मर तथा टाउकोलगायत शरीरका विभिन्न भागमा बाँसको लठ्ठीले, प्लाष्टिकको पाइपले, कुन्दाले हिर्काउने, चिम्टाले औंलाका नङहरू थिच्ने, पाइतालाहरूमा कुटेपछि थुनुवालाई दौडिन र उफ्रन लगाउने अनि साबिती नगरेमा वा पूर्वतयारी गरिएको बयानमा हस्ताक्षर नगरे खुट्टा काटिदिने धम्की दिने अझ ज्यानै मार्ने

धम्की दिने गरिएको पाइयो ।

हामीले अन्तर्वार्ता लिएको एक बालक प्रहरी हिरासतको अनुभव यसरी सुनाउँछन् :

> *"मलाई प्रहरी भ्यानमा सिधा रूपन्देही जिल्ला प्रहरी कार्यालय लगियो । दुईजना प्रहरीले भ्यान भित्रै मलाई यातना दिए । उनिहरूले मेरो खुट्टालाई बुटले हिर्काए र थिचे र अपमानजनक शब्द प्रयोग गरे । ड्राइभरसंग बसेका एकजना प्रहरीले जरै देखि मेरो कपाल ताने । एकजना प्रहरीले भ्यानबाट ओराल्दा ढाडमा बुटले हिर्काए । त्यस पछि म लाई थुनामा राखियो ।*
>
> *दोस्रो दिन मलाई ७ बजे रूपन्देही जिल्ला प्रहरी कार्यलयको कानुनी शाखामा लगियो । प्रहरीले मलाई भाउजूलाई बलात्कार गरेका बारेमा र कस्ले अह्राएको बारेमा सोधपुछ गऱ्यो । अपराध बलजफती स्विकार्न लगाउन प्रहरीले मलाई यातना दियो । प्रहरीले मलाई पलाष्टिकको पाइपले अन्धाधुन्ध हिर्कायो र थुना कोठामा लग्यो । सोहि दिन ३,४ धण्टा पछि थुना कोठाबाट प्रतिवेदन र फाइलहरू राखिएको कोठामा लगियो । एकजना प्रहरी कोठा भित्रै रहे र कोठाको ढोका लगाए । धटना बारे सोधपुछ गर्दा मलाई ती प्रहरीले खुट्टा, ढाड, कम्मर र हातमा कालो पलास्टिकको पाइपले हिर्काए । मलाई मेरो दाइको निर्देशनमा भाउजूलाई बलात्कार गरेको स्विकार्न दबाब दिए । यस्तो आधा घण्टासम्म गरियो । सोहि दिन रातको खाना पछि मलाई कानुन शाखामा लगियो । यातना दिने दुईजना प्रहरी र एकजना नयाँ प्रहरीले मलाई फेरी सो धटनाबारे सोधे र जब मैले मेरो आफनो कुरा दोऱ्याए उनिहरूले मेरो हात र खुट्टा पलाष्टिकको डोरीले बाधेर घुँडा मुनिबाट लट्ठी छिराए । दुईजना प्रहरीले लट्ठीको दुईतिर समाई मलाई झुण्डाए र तेस्रो प्रहरीले पलाष्टिकको पाइपले जोड जोडले दुवै पाइतालामा ४० पटक जति हिर्काए । उनिहरूले त्यस पछि डोरी खोलिदिए र केहिबेर मलाई खाली खुट्टा दैडिन लगाए । मैले आरोप नस्विकारेमा मेरो दुवै हात र खुट्टा काटिदिने र मार्ने धम्की दिए । त्यसपछि उनिहरूले मलाई थुना केन्द्र पछाडि लगे र फेरि मेरो हात र खुट्टा पलाष्टिकको डोरीले बाधेर धुँडा मुनिबाट लट्ठी छिराए मलाई झुण्डाए । मर्ने डर र चरम यातनाले गर्दा मैल मेरो दाइको निर्देशनमा भाउजूलाई बलात्कार गरेको आरोप स्वीकारेँ । उनीहरूले मलाइ अदालतमा सोही बयानमा अडिग नरहे अरू यातना दिने धम्की दिए ।"*

यो प्रतिवेदन बालबालिकाविरुद्ध भएको यातनामा केन्द्रित भएपनि वयस्कमाथिको यातना पनि नेपालको सन्दर्भमा ठूलो समस्या हो । सन् २००९मा एड्भोकेसी फोरमले २० जिल्लामा रहेका ६७ थुनाकेन्द्रको भ्रमण गरी ३८०० थुनुवासँग अन्तर्वार्ता लिएको थियो । अन्तर्वार्ता लिइएकामध्ये २०.१%ले थुनामा यातना पाएको कुरा बताएका थिए । तुलनात्मक रुपमा सन् २००८ को आँकडा भन्दा कम देखिएता पनि न त यसले तराईका केही क्षेत्रमा भएको यातनाको उल्लेख्य वृद्धिलाई प्रतिबिम्बित गर्दछ न त यसले यातनाको कठोरतामा आएको वृद्धिलाई नै इङ्गित गर्दछ ।

प्रहरीले थुनुवामाथि गरेको यातनाको शारीरिक निशानलाई लुकाउनका लागि नयाँ नयाँ तरिका अपनाएको देखिन्छ । एड्भोकेसी फोरमले पाएको जानकारीअनुसार यातनापीडितलाई थुन्नका लागि निजी घर प्रयोग गर्ने, स्पष्ट निशान नदेखिनेगरी यातना दिने र गाडीमा भएको बेला यातना दिने थुप्रै घटनाहरु छन् ।

प्रहरीको हिरासत केन्द्रमा बालबालिकामाथि यातनाका निम्न तरिकाहरू बारम्बार प्रयोगमा आएको देखिन्छ ।

- तिघ्रा, पिठ्युँ, पाखुरा , कम्मर तथा टाउकोलगायत शरीरका विभिन्न भागमा बाँसको लठ्ठीले, प्लाष्टिकको पाइपले, कुन्दाले हिर्काउने ।
- अनुहारमा चड्कन लगाउने, कहिलेकाहीँ दुवै हातले एकैचोटी ।

- कम्मर, छाती, पेट तथा अनुहार लगायत शरीरका विभिन्न भागहरूमा मुक्काले तथा खुट्टाले हिर्काउने ।
- चिम्टाले औंलाका नङहरू थिच्ने
- ज्यान मार्ने धम्की दिने
- खुट्टा काटिदिने धम्की दिने
- हात तथा खुट्टा बाँधेर हातखुट्टाको बीचमा लठ्ठी घुसार्ने र उल्टो फर्काई माथिबाट कुट्ने
- लठ्ठी तथा प्लाष्टिकको पाइपले पाइतालाहरूमा कुट्ने ।
- पाइतालाहरूमा कुटेपछि थुनुवालाई दौडिन र उफ्रन लगाउने आदि ।

यातनालाई अपराधीकरण गर्ने कानुन ल्याउन सरकार पूरै असफल भएपछि एड्भोकेसी फोरमले यातनाविरुद्धको कानुन मस्यौदा गर्नमा अग्रणी भूमिका निर्वाह गरेको थियो र २००९मा संयुक्त राष्ट्रसंघ यातनापीडितको सहायताका लागि अन्तर्राष्ट्रिय दिवसको सन्दर्भ पारेर प्रकाशित गरेको थियो । यस्ता प्रयासका बाबजुद सरकारले यातनालाई अपराधीकरण गर्न वा जिम्मेवारलाई कानुनको दायरामा ल्याउनका लागि आवश्यक कदम चालेको छैन ।

एड्भोकेसी फोरमलगायतका संस्थाको अथक प्रयासका बाबजुद यातनाका जम्मा तीन पीडितले क्षतिपूर्ति पाउन सफल भएका छन् । क्षतिपूर्तिको यस्तो निराशाजनक स्तरका बाबजुद यो आँकडाले वास्तवमा यातनाको सन्दर्भमा न्यायिक क्षेत्रले देखाएको सोच र व्यवहारलाई प्रतिबिम्बित गर्छ । एड्भोकेसी फोरमले हालसालै प्रकाशित गरेको एसेक्स विश्वविद्यालयको निर्देशिका “यातना रोकथाम : न्यायाधीश तथा सरकारी वकिलका लागि निर्देशिका”को नेपाली संस्करण र न्यायपालिकाका सदस्यसँग गरेका ताजा कार्यशाला गोष्ठीले यातनाप्रतिको सोच र व्यवहारमा परिवर्तन आउनेछ र अझ बढी यातनापीडितले न्याय तथा क्षतिपूर्ति पाउनेछन् भनी आशा गर्न सकिन्छ ।

यसका अलावा, एड्भोकेसी फोरमले यातनाका मुद्दामा उजुरी दायर गर्ने कार्यमा पीडितहरुलाई निरुन्तर रुपले सहयोग गर्दै पनि आईरहेको छ । तर सम्बद्ध निकायले धेरै पटक यस्ता उजुरीहरु दर्ता अस्वीकार गरेको छ । आज बिहान मात्रै हामीहरुले १४ वटा जिल्लामा एकमुष्ट उजुरीहरु दायर गर्ने प्रयत्न गर्‍यौं तर बिडम्बना फेरीपनि सम्बन्धित निकायहरुले दर्ता प्रक्रिया अघि बढाउन ठाडै अस्वीकार गरे । यस्तो अस्वीकारिताले नेपालमा व्याप्त दण्डहीनताको उद्घाटित पनि गरेको छ ।

यातना पीडितको पक्षमा संयुक्त राष्ट्रसंघीय यातना दिवश-२०१० को अवशरमा पीडितलाई निरन्तर सहयोग गर्ने आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्‍याउदै बालबालिकाविरुद्ध हुने यातनालाई पूर्ण निराकरण गर्न, कानुनमा उल्लेख गरिएको बाल अधिकार तथा हकहितको प्रत्याभूतिको सुनिश्चितता गर्न र यातनालाई अपराधीकरण गरी तत्सम्बन्धमा उचित अनुसन्धान गरी पीडकलाई कारवाही गर्ने कार्यमा आवश्यक पहल गर्न एड्भोकेसी फोरम सरकारलाई आह्ववन गर्दछ ।

बालबालिकाविरुद्ध हुने यातनालाई पूर्णरुपमा बन्द गर्न हाम्रो वेवसाईटको (www.advocacyforum.com) भ्रमणगरी त्यहाँ राखिएको याचनापत्रमा हस्ताक्षर गरी हाम्रो अभियानमा ऐक्यबद्धता जनाउनुहुन हामी सबैलाई अनुरोध गर्दछौ ।

**एडभोकेसी फोरम, गैह्रीधारा, काठमाडौं**
फोन: ४००४००७/८
इमेल: info@advocacyforum.org.np